## सवारी साधन कर

| | |
|---|---|
| सवारी साधन कर | |
| १. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः- | |
| सवारीको किसिम | |
| (क) कार, जिप, भ्यान, माइक्रो बस | वार्षिक कर दर |
| (अ) १००० सी.सी. सम्म | रु. १९,०००।- |
| (आ) १००१ देखि १५०० सी.सी. सम्म | रु. २१,०००।- |
| (इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु. २३,०००।- |
| (ई) २००१ सी.सी. देखि २५०० सी.सी. सम्म | रु. ३२,०००।- |
| (उ) २५०१ सी.सी. देखि २९०० सी.सी. सम्म | रु. ३७,०००।- |
| (ऊ) २९०१ सी.सी. देखि माथि सबै | रु. ५३,०००।- |
| (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनीटिपर | |
| (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रु. ३५,०००।- |
| (आ) मिनीटिपर | रु. २५,०००।- |
| (ग) थ्री ह्वीलर, टेम्पो, ट्रेक्टर र पावर टिलर | |
| (अ) थ्री ह्वीलर र टेम्पो | रु. ५,०००।- |
| (आ) ट्रेक्टर | रु. ४,०००।- |

४-२

| | |
|---|---|
| (ई) पावर टिलर | रु. ३,०००।- |
| (घ) मिनिट्रक/मिनिबस | रु २२,०००।- |
| (ङ) ट्रक र बस | रु. ३२,०००।- |
| **(च) मोटर साइकल तथा स्कुटर** | |
| (अ) १२५ सी.सी. सम्मको | रु. २५००।- |
| (आ) १२६ देखि २५० सी.सी. सम्म | रु. ४,०००।- |
| (इ) २५१ देखि ४०० सी.सी. सम्म | रु. ८,०००।- |
| (ई) ४०१ सी.सी. र सो देखि माथि | रु. १५,०००।- |
| **२. भाडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-** | |
| सवारीको किसिम | |
| (क) कार, जिप, भ्यान, माइक्रो बस | वार्षिक कर दर |
| (अ) १३०० सी.सी.सम्म | रु.८,०००। |
| (आ) १३०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु. ९,०००। |
| (इ) २००१ सी.सी.देखि २९०० सी.सी.सम्म | रु. ११,०००। |
| (ई) २९०१ सी. सी. देखि ४००० सी.सी. सम्म | रु. १३,०००। |
| (उ) ४००१ सी.सी. र सोभन्दा माथि सबै | रु. १५,०००। |
| (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रु. १७,०००। |
| (ग) थ्री ह्वीलर र टेम्पो | रु. ४,०००। |

| | |
|---|---|
| (घ) ट्रेक्टर | रु. २,५००। |
| (ङ) पावर टिलर | रु. २,०००। |
| (च) मिनीट्रक, मिनीबस | रु. १२,०००। |
| (छ) मिनी ट्रिपर | रु. १४,०००। |
| (ज) ट्रक बस | रु. १६,०००। |
| (झ) तेल ट्यांकर, ग्याँस बुलेट, ट्रिपर | रु.१२,०००। |

| | |
|---|---|
| ३. | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको नाउँमा दर्ता भएका सवारी साधनहरूलाई भाडामा दर्ता भएका सवारी साधनमा लाग्ने सरह कर लाग्नेछ । |
| ४. | विद्युतीय माध्यमद्वारा सञ्चालित सवारी साधनमा सवारी साधन कर लाग्ने छैन । पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा माथि दफा १ र २ बमोजिम लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ । |
| ५. | सुरु पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ । तर व्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन। |
| ६. | सवारी साधन बिग्रेको वा अन्य कुनै कारणबाट सो सवारी साधन चलाउन नपाएको भनी संघ, प्रदेश र स्थानीय सरकारले ठहऱ्याएको कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सवारी साधनलाई सवारी साधन कर लाग्ने छैन । |
| ७. | भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थीलाई सहुलियतको रूपमा भाडामा छुट दिए बापत त्यस्ता सवारी साधनका धनीले तिर्नु पर्ने सवारी साधन करमा साठी प्रतिशत छुट पाउनेछन् । |
| ८. | जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ठ रुपमा पाँच वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नवीकरण गराउन सक्नेछन् । यसरी |

| | |
|---|---|
| | अग्रिम रूपमा पाँच वर्षको सवारी साधन कर एकमुष्ट बुझाई नवीकरण गराएमा लाग्ने सवारी साधन करमा दस प्रतिशत छुट हुनेछ । |
| ९. | सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन । |
| १०. | दफा १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन । |
| ११. | दश लाख रुपैयाँ भन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नु पर्नेछ । |
| १२. | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाईका १५० सी.सी. सम्मका स्कूटरमा सवारी साधन कर लाग्ने छैन। |
| १३. | नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय सरकारले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनमा सो मिति भन्दा अगाडिको अवधिको यस्तो कर लाग्ने छैन । |